# नेपाल राजपत्र

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, चैत ४ गते २०३६ साल


श्री ५ को सरकार

### उद्योग तथा वाणिज्य मन्त्रालयको

### सूचना

श्री ५ को सरकारको मिति २०३६।३।२९ को निर्णयानुसार देहायका व्यक्तिहरूलाई नेपाल इञ्जिनीयरिङ्ग सेवाको देहायका समूह, पद, पदसंकेतको रा. प. तृतीय श्रेणीको पदमा नियुक्ति गरी देहायबमोजिम पदस्थापन गरिएको छ।

| क्र. सं. | नाम र थर | समूह, पद, पदसंकेत र पदस्थापन भएको कार्यालय |
|---|---|---|
| १. | श्री भरतप्रसाद बस्याल | केमिष्ट्री, सहायक वैज्ञानिक अधिकृत, व।वनस्प।वि।०७।३, वनस्पति विभाग। |
| २. | सुश्री सुमित्रा हाडा | केमिष्ट्री, सहायक वैज्ञानिक अधिकृत, व।वनस्प।वि।०७।८, वनस्पति विभाग। |
| ३. | श्रीमती पद्मा प्रजापती | केमिष्ट्री, सहायक वैज्ञानिक अधिकृत, व।वनस्प।वि।०७।६२, वनस्पति विभाग। |
| ४. | श्री चक्रपाणि न्यौपाने हली | केमिष्ट्री, सहायक वैज्ञानिक अधिकृत, व।वनस्प।वि।०७।६३, वनस्पति विभाग। |

आज्ञाले–

सूर्यप्रसाद श्रेष्ठ

श्री ५ को सरकारको का.मु. सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ

श्री ५ को सरकार

## उद्योग तथा वाणिज्य मन्त्रालयको

## सूचना

श्री ५ को सरकारको मिति २०३६।४।६ को निर्णयानुसार नेपाल इञ्जिनीयरिङ्ग सेवा, केमिष्ट्री समूह, पदसंकेत उ।वा।खा।भू।०७।७४, को खानी तथा भूगर्भ विभागका राजपत्राँकित तृतीय श्रेणीको केमिष्ट श्री जगतकुमार भुसाललाई सिचाइ तथा जलवायु विज्ञान विभागको सोही सेवा, समूह तथा श्रेणीको पदसंकेत नं. खा।सि।ज।०७।३७, को केमिष्ट पदमा सरुवा गरिएको छ ।

आज्ञाले–
सूर्यप्रसाद श्रेष्ठ
श्री ५ को सरकारको का. मु. सचिव

श्री ५ को सरकार

## उद्योग तथा वाणिज्य मन्त्रालयको

## सूचना

श्री ५ को सरकारले मिति २०३६।८।१४ को निर्णयानुसार सुश्री कमलाकुमारी मानन्धरलाई वनस्पति विभागको रा.प. अनंकित प्रथम श्रेणीको असिष्टेण्ट केमिष्ट पदबाट नेपाल इञ्जिनीयरिङ्ग सेवा, केमिष्ट्री समूह, पदसंकेत व।वनस्प।वि।०७।६४, राजपत्राँकित तृतीय श्रेणीको सहायक वैज्ञानिक अधिकृत पदमा मिति २०३६।७।१३ देखि बढुवा गरी सोही विभागमा पदस्थापन गरेको छ ।

आज्ञाले–
सूर्यप्रसाद श्रेष्ठ
श्री ५ को सरकारको का. मु. सचिव

श्री ५ को सरकार

## उद्योग तथा वाणिज्य मन्त्रालयको

## सूचना

श्री ५ को सरकारको मिति २०३६।८।१८ को निर्णयानुसार नेपाल इञ्जिनीयरिङ्ग सेवा, जियोलजी समूह, पदसंकेत उ।वा।खा।भू।०७।१३, खानी तथा भूगर्भ विभागको रा.प.तृतीय श्रेणीको जियोलजिष्ट श्री देवीबहादुर थापालाई सोही सेवा समूहको पदसंकेत उ।वा।खा।भू।०७।२१, रा.प. द्वितीय श्रेणीको सिनियर जियोलजिष्ट पदमा मिति २०३६।७।६ देखि बढुवा गरी सोही विभागमा पदस्थापन गरिएको छ ।

आज्ञाले–
सूर्यप्रसाद श्रेष्ठ
श्री ५ को सरकारको का. मु. सचिव

८०२